जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३४ अंक २६७ २०८२ साल जेठ १५ गते बिहीबार (29 May 2025 Thursday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं।

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : स्वास्थ्य बिमा यथार्थ, भ्रम ... ३ पृष्ठमा : प्रदुषण न्यूनीकरण गर्न ... ३ पृष्ठमा : सन् २०२५-२०२९ औसत ...

# राविं नपाको गाडीको ठक्करबाट घाइते भएका किशोरको उपचार खर्चको माग गर्दै धर्ना




**दैनिक समाचारदाता**
**राजविराज, १४ जेठ।**

राजविराज नगरपालिकाको गाडीको ठक्करबाट गम्भिर घाइते भएका एक किशोरको उपचार खर्चको माग गर्दै बुधबारदेखी उनका आफन्त र स्थानीय नगरपालिका परिसरमै अनिश्चितकालिन धर्नामा बसेका छन्।

सप्तरीको बोदेबरसाइन नगरपालिका १ निवासी १६ वर्षिय राजेश कुमार यादव गत माघ १ गते राजविराज नगरपालिकाको स.१भ्र. ४८१ नं को स्कारपियोको ठक्करबाट गम्भिर घाइते भएका थिए।

बिदाका दिन राजविराजबाट जनकपुरतर्फ जाँदै गरेको सो गाडीमा राजविराज नगरपालिका वडा नं. २ का वडाअध्यक्ष अरुण यादवसहितका केही व्यक्ति सवार रहेका थिए।

ठक्करबाट हात र खुट्टा भाचिनुका साथै टाउँकोमा गम्भिर चोट लागेका उनलाई प्रहरीले उपचारका लागि सोही दिन बिराटनगरस्थित बिराट नर्सिङ्ग होममा भर्ना गराएको थियो।

उक्त गाडी भने चालक बिनोद साहले चलाइरहेको नगरपालिका श्रोतले जनाएको छ। उपचारका क्रममा ९२ दिनपछी होसमा आएका छोराको उपचार वापतको २५ लाख मध्ये नगरपालिकाले अहिलेसम्म २ लाख रुँपैया मात्र दिएको बुवा रघुनाथ यादवको भनाई छ। बाँकी २३ लाख रुँपैया बुझाउन नसक्दा अस्पतालले डिस्चार्ज गर्न नमानेको र बाध्य भई धर्नामा बस्नु परेको उनले सुनाए।

नगरपालिकाले विभिन्न बहाना देखाउँदै थप रकम दिन आलटाल गर्ने गरेको र आफुसँग त्यत्रो ठुलो रकम तिर्ने हैसियत नहुँदा छोरालाई घर ल्याउन नसकिएको उनले लाचारी सुनाए।

बोदेबरसाइन नगरपालिकाबाट बालकका आफन्तसहित करिब सय जनाको संख्यामा आएका स्थानीयले मूल गेटमै धर्ना कार्यक्रम सुरु गरेका छन्।

# गणतन्त्र दिवसमा विभिन्न कार्यक्रम



**दैनिक समाचारदाता**
**राजविराज, १४ जेठ।**

सप्तरीमा १७ औ गणतन्त्र दिवस विभिन्न कार्यक्रम गरी मनाउने निर्णय गरेको छ।

जिल्ला समन्वय समिति सप्तरीको संयोजनमा प्रमुख जिल्ला अधिकारी तथा जिल्ला सुरक्षा संयन्त्रको प्रमुखहरु समेतको उपस्थितिमा बुधवार बसेको सर्वदलीय बैठकले यस्तो निर्णय गरेको हो।

गणतन्त्र दिवसको

*बाँकी अन्तिम पृष्ठमा*

# सडक निर्माणको माग गर्दै सडक जाम



**दैनिक समाचारदाता**
**राजविराज, १४ जेठ।**

राजविराजस्थित रुपनी बस स्टेण्ड क्षेत्रको जिर्ण सडक निर्माणको माग गर्दै यातायात मजदूरहरु आन्दोलित भएका छन्।

जिर्ण सडकको मरमत सम्भार तथा स्तरोन्नतिको पटक पटक माग राख्दा पनि सम्बन्धित निकायले चासो नदेखाएको भन्दै मजदूरहरु आन्दोलित भएका हुन्।

बुधबार उक्त सडक खण्डको बीच सडकमै आ-आफ्नो अटो र सिटि रिक्सा तेर्स्याएर यातायात मजदूर चक्का जाम र टायर बालेर प्रदर्शन गरेका छन्।

चक्का जामका कारण दुवै तर्फका गारि सयौं सवारी साधन रोकिएर यात्रीहरुको सास्ती भएको छ। उक्त सडक खण्डमा दर्जनौं ठाउँमा परेका खाल्डाले साना ठुला सवारी साधन आवत जावतमा सकस हुने गरेको छ।

खाल्डोकै कारण बुधबार विहान ७ बजे तिर चटपटे बेचेर गुजारा चलाउँदै गरेका राजविराज ८ निवासी सदानन्द भगतको ठेला सडकमै पल्टिएर त्यसमा रहेका सामाग्रीहरु नष्ट भएपछि यातायात मजदूर भन्ने आक्रोशित भए।

सडकको दर्जनों ठाउँमा खाल्डा परेका कारण दिनहुँजसो सवारी दुर्घट्ना हुने गरेको भन्दै यातायात मजदूरले उक्त जिर्ण सडकको स्तरोन्नति हुनुपर्ने एक सुत्रिय माग अघि सारेका छन्।

विहानै देखि यातायात मजदूरले चक्का जाम गरेको खवर पाएपछि पुगेकी राजविराज नगरपालिकाका कार्यवाहक नगरप्रमुख इसरत परवीन तथा सुरक्षा निकायका प्रमुखहरुको टोलीले सडक स्तरोन्नति कार्यको जिम्मा पाएका निर्माण व्यवसायीहरुलाई झिकाई अविलम्ब निर्माण कार्य शुरु गर्न लगाउने र तत्काल उक्त कार्य शुरु नगरे कारवाही गर्ने प्रतिवद्धता जनाएपछि चार घण्टा पश्चात आवागमन सूचारु भएको थियो।

# स्थानीय तहको संख्या घटाउन माग

काठमाडौं, १४ जेठ (रासस)।

सांसद रुक्मिणी कोइरालाले राज्यको खर्च कटौती गर्दै मितव्ययी बन्नका लागि हाल कायम रहेको स्थानीयको सङ्ख्या घटाउन माग गर्नुभएको छ।

राष्ट्रियसभाको बुधबारको बैठकमा उहाँले मौजुदा ७५३ बाट घटाएर ५५३ वटा स्थानीय तह कायम गर्न सुझाव दिनुभयो।

बैठकमा कोइरालाले संविधानमा व्यवस्था भएका मौलिक हकको कार्यान्वयन गर्नुपर्नेमा पनि जोड दिनुभयो। उहाँले समतामूलक समाज

*बाँकी अन्तिम पृष्ठमा*

**गणतन्त्र दिवस, २०८२ भव्यरुपमा मनाऔं**

गणतन्त्र दिवस (जेठ १५गते) को अवसरमा बिभिन्न कार्यक्रमको आयोजना गरौं।

लोकतान्त्रिक गणतन्त्रका उपलब्धिलाई संस्थागत गरौं।

लोकतान्त्रिक अभ्यासलाई मजबुत बनाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

**घरभाडा चाहिएमा**

राजविराज नगरपालिकाको मुख्य बजार क्षेत्र मेनरोडमा पसल, संघ-संस्था, बैंक, बित्तिय संस्था, विमा कम्पनी लगायत प्रयोजनका लागि सटर तथा कोठाहरु भाडामा चाहिएमा समपर्क गर्नुहोस्।

राजविराज ४
९८४२८२१०८२, ९८१९७२५०८२

## सम्पादकीय

### देश निर्माणमा युवाको भूमिका आवश्यक

देश निर्माणमा यूवाको महत्वपूर्ण भूमिका हुने गरेको छ । मुलुकको विभिन्न क्षेत्रमा यूवाहरुको खाँचो रहेको बेला भने यूवाहरु देशबाट पलायन हुने क्रम बढ्दो छ । मुलुकमा रोजगारीको अवसर सृजना हुन नसक्दा दैनिक रुपमा यूवाहरु सयौंको संख्यामा बिदेशिदै छन् । उनीहरु आफ्नै मुलुकमा आफ्नो दक्षताको आधारमा काम गर्ने अवसर नपाउँदा यसरी विदेशिनुले देश भित्र यूवाहरुको सहभागिता शुन्यमा झर्दै गएको छ ।

यता मुलुकका राजनीतिक पार्टीको नेतृत्व पंक्तिमा बृद्ध अवस्थामा पुगेकाहरुले नै गरिरहेका छन् । ती पार्टीमा यूवाहरुलाई देखाउने मुख र कार्यकर्ता भेला गर्नेको रुपमा प्रयोग गरिएको अवस्था छ । यूवा नेतृत्व यस्तो जमात हो जसले समाज परिवर्तनमा अहम भूमिका खेल्न सक्छ । मुलुकको राजनीतिक, आर्थिक र सामाजिक परिवेशलाई परिवर्तन गर्नमा युवाहरुको अहम भूमिका रहने कुरा सर्वविधितै छ । यति मात्र नभएर मुलुकको विकासमा यूवाको अहम भूमिका हुन्छ । देशको मेरुदण्डको रुपमा मानिएको युवा शक्तिले चाहेमा आफ्नो देश तथा समाजलाई निश्चित रुपमा परिवर्तन गर्न सक्ने क्षमता देखाएका छन् ।

यसरी युवा शक्तिलाई आफ्नै देशमा परिचालन गरेर देशको मुहार परिवर्तन गर्नेदेखि समाज परिवर्तनमा समेत सह्रनिय भुमिका निर्वाह गर्न सक्छन् भन्ने कुरालाई बिर्सनु हुन्न् । तसर्थ युवा शक्तिलाई वेवास्ता नगरिकन उनीहरुलाई अवसर दिनेतर्फ राजनीतिक दलदेखी सरोकारवाला निकायले समेत अत्यन्त गम्भिर रुपमा अग्रसरता र उदारता देखाउनु आवश्यक छ ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# स्वास्थ्य बिमा यथार्थ, भ्रम र भावी बाटो

**डा रघुराज काफ्ले**

काठमाडौँ, १४ जेठ (रासस) ।

गएको वर्ष २०८१ मा नेपालमा निकै चर्चा भएको एउटा विषय हो, स्वास्थ्य बिमा । राष्ट्रको उच्च नेतृत्वदेखि दूरदराजका नागरिकसम्म स्वास्थ्य बिमाले एउटा कम्पन सिर्जना गरेको छ । सरोकार राख्ने क्षेत्रबीच त यसको चर्चा भइरहेको थियो नै स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री प्रदीप पौडेलले सुधारका लागि विशेष प्रयास अगाडि बढाउने घोषणा गरेर निरन्तर पहलकदमी लिएपछि स्वास्थ्य बिमा राष्ट्रिय बहसकै विषय बन्न पुग्यो । स्वास्थ्य बिमाको सुधार नै नेपालको स्वास्थ्य क्षेत्रमा समाजवाद ल्याउने आधार हो भन्ने ढङ्गबाट प्रस्तुत मात्र हुनुभएन उहाँले बिमा सुधारको भरपर्दो मार्गचित्र नै प्रस्तुत गरेर सुधार अघि बढाउन अनवरत योगदान दिएपछि समग्र स्वास्थ्य क्षेत्रमा एउटा भिन्न माहोल सिर्जना भएको छ । यो ढङ्गको आक्रामक तर सुझबुझपूर्ण प्रयत्नले सकारात्मक नतिजा दिन्छ भन्ने आशा आम नागरिकमा जगाएको छ । त्यसमा पनि यो पङ्क्तिकारलगायतको टोलीले स्वास्थ्य बिमा सुधार गर्न सकिने मार्गचित्रसँगै सुधारको खाकासहितको प्रतिवेदन बुझाउँदा प्रधानमन्त्रीले देखाएको चासो र कार्ययोजना बनाई अगाडि बढ्न दिएको निर्देशनले अब स्वास्थ्य बिमा सुधारले गति प्राप्त गर्ने विश्वास आम नागरिक तहसम्मै बढेको छ ।

स्वास्थ्य बिमाका सवालमा नेपालमा चलिरहेको बहसमा खासगरी दुई धार देखिन्छ : एउटा यो चल्दैन, हुँदैन र धान्न सकिँदैन र अर्को स्वास्थ्य उपचारको यो नै सबैभन्दा उत्तम उपाय हो, यसलाई व्यवस्थित गरेर लान सकिन्छ । स्वास्थ्य बिमाले लिएको बाटो ठीक छ तर यसलाई सुधार गर्नु आवश्यक छ । दुईवटै धारका आ-आफ्नै तर्क त होलन् । तर एउटा वास्तविकताचाहिँ के हो भने यथार्थमा अब नेपाल स्वास्थ्य बिमाबाट भाग्न सक्ने अवस्थामा छैन । आजसम्मको भोगाइबाट पत्ता लागेको उत्तम बाटो नै यसको उचित व्यवस्थापन हो ।

यथार्थपरक दृष्टिले हेर्दा हाल स्वास्थ्य बिमामा ६२ लाख नागरिक आबद्ध छन् । लाखौँ नागरिकले स्वास्थ्योपचार सेवा लिँदै आएका छन् । अस्पतालहरूमा स्वास्थ्य बिमामार्फत उपचार लिनेको घुइँचो देख्न सकिन्छ । स्वास्थ्य बिमा सुविधा सञ्चालन नगरेका अस्पतालमा बिरामी पाउन विस्तारै कठिन हुँदै गएको विश्लेषण स्वयं अस्पताल सञ्चालकहरूले गर्दै आएका छन् । खासगरी सामान्यतः स्वास्थ्य सेवाको पहुँचमा कमजोर देखिएका ज्येष्ठ नागरिक, गरिब, विपन्न, अशक्त तथा सामाजिक र आर्थिक दृष्टिबाट पछाडि परेका व्यक्तिहरूका लागि यो बरदान सावित भएको छ ।

नागरिकको स्वास्थ्यप्रतिको चासो बढाउन र अस्पताल गएर स्वास्थ्य सेवा लिन यसले अभिप्रेरित मात्र गरेको छैन साँच्चिकै ऊर्जा र आत्मबल समेत प्रदान गरेको छ । आफ्नो प्रिमियम राज्यले तिरिदिने हुँदा लक्षित वर्गका ती नागरिक निर्धक्क भएर उपचार गराउन पाउने अवस्थामा छन् । देशका सबै नागरिकले सेवा लिन पाउने बनाइएकाले स्वास्थ्यमा सर्वव्यापी सहभागिताको सोच कार्यान्वयनमा लैजान स्वास्थ्य बिमाले वास्तवमै निकै योगदान गरेको छ भन्दा फरक नपर्ला । अर्बौंको स्वास्थ्योपचार गराई नागरिकलाई स्वस्थ भएर बाँच्ने वातावरण यस कार्यक्रमले सिर्जना गरेको छ ।

स्वास्थ्य बिमा कार्यक्रम आफ्नो खर्च धान्न सक्ने अवस्था छैन, यसमा सेवा प्रदायकले भुक्तानीका लागि अनावश्यक दाबीहरू पेस गरेका छन्, छाड्नेको दर निकै उच्च छ भन्ने भ्रम पनि फैलाइएको छ । सेवामा गुणस्तर कायम हुन सकेको छैन । स्वास्थ्य बिमा बोर्डको संस्थागत क्षमता विकास हुन नसक्दा सुशासन दिन सकेन, बोर्ड घाटामा छ जस्ता टिप्पणी गर्नेहरूको जमात ठूलो छ । यसरी टिप्पणी गर्नेहरू कतिपय स्वास्थ्य बिमालाई साँच्चिकै नजिकबाट बुझेका छन् । तर कतिले भने लहैलहैमा टिप्पणी गरेका छन् । सामाजिक सुरक्षामा आधारित कार्यक्रम भएकाले पनि सर्वसाधारणको स्वास्थ्य बिमाप्रति चासो र चिन्ता हुनु स्वभाविक हो । माथि उठाइएका निरासाका प्रश्नलाई अस्वभाविक भन्न त सकिँदैन तर विषयको गहिराइमा पुगेर कुनै टिप्पणी आएकोभन्दा पनि सतहमा जे देखियो, त्यसैलाई धेरैले सत्य मानेको देखिन्छ ।

बजारमा उठेका प्रश्नलाई केलाउँदा स्वास्थ्य बिमा सामाजिक सुरक्षामा आधारित अवधारणा हो । यो नाफा कमाउनभन्दा पनि नागरिकलाई स्वास्थ्य सेवा प्रदान गर्न राज्यले सुरु गरेको नवीन काम हो । स्वास्थ्य उपचार नागरिकको अधिकार हो र राज्यको दायित्व । बढ्दो स्वास्थ्य उपचार खर्च राज्यले मात्र व्यहोर्न नसक्ने तथ्यलाई मनन गरी नागरिकसँगको संयुक्त योगदानमा सञ्चालन गर्न खोजिएको एक विधि हो वा प्रणाली हो । यसमा आम नागरिकको क्षमताअनुसार योगदान हुन्छ, राज्यले पनि त्यसमा स्रोत मिसाउँदछ । अनि सबैभन्दा महत्वपूर्ण पाटो जसलाई स्वास्थ्य उपचारको खाँचो पर्दछ यो उसैले सेवा लिने विधि हो । हाम्रो जस्तो कमजोर आर्थिक अवस्था भएको देशमा स्वास्थ्य उपचारको यो सबैभन्दा अपरिहार्य र भरपर्दो उपाय पनि हो । स्वास्थ्य बिमा कार्यक्रमको लक्ष्य उपचार कतिले लिए भन्दा पनि आवश्यक पर्ने जति भए पनि सबैले उपचार पाउन् भन्ने हो ।

सेवा प्रदायकको सङ्ख्या बढ्दै गएको र उपचार लिनेको सङ्ख्या बढ्दै गएकाले सेवा प्रदायकले गर्ने दाबीमा केही कमजोरी होलान् भन्ने आकलन गरिए तापनि त्यसको समीक्षाका लागि बलियो प्रबन्ध गरिएको पाउन सकिन्छ । सुधारका गुन्जाइस त सबै ठाउँमा हुन्छ तर दाबीमा स्वच्छता कायम गर्न बोर्डले आफूसँग उपलब्ध स्रोतसाधन र क्षमताको सक्दो उपयोग गरेको देखिन्छ । धेरैले स्वास्थ्य उपचार गराउँदा घाटा भयो भन्न त सकिएला । तर, नागरिकको स्वास्थ्यलाई प्रमुख विषय मान्दा यो तर्कको खासै अर्थ भएजस्तो लाग्दैन । छाड्नेको दर उच्च छ तर प्रत्येक वर्ष बीमितको सङ्ख्या भने बढ्दै गएको छ । यसले स्वास्थ्य बिमा कार्यक्रममा आकर्षण घटेकोभन्दा पनि उपचार प्रयोजनका लागि नागरिक स्वास्थ्य बिमामा जोडिएको बुझ्न गाह्रो पर्दैन । होइन भने तथ्याङ्क हेर्दा हरेक वर्ष स्वास्थ्य बिमा सेवा लिनेको सङ्ख्या बढिरहेको देखिने पक्कै थिएन । हो, यसमा सुधार आवश्यक छ भन्ने नागरिकको चाहना होला । तर, यस कार्यक्रमले आफूलाई धेरै हदसम्म राहत दिएको छ भन्ने आम नागरिकको विश्वास भने यस तथ्याङ्कले दिलाएको प्रष्ट हुन्छ ।

**सरकारको अपरिपक्वता**

गएको चैत २५ गते स्वास्थ्य बिमा कार्यक्रम सुरु भएको एक दशक लागिसके छ । स्वास्थ्य बिमा ऐन २०७४ जारी भएको पनि आठ वर्ष लागेको छ । तर यतिका समयसम्म पनि यत्तिका नागरिकको स्वास्थ्य बिमाको नेतृत्व गर्ने निकाय स्वास्थ्य बिमा बोर्डको सङ्गठन संरचना स्वीकृत भएको छैन । स्थायी दरबन्दी छैन । कर्मचारी विनियम स्वीकृत हुन सकेको छैन । स्थायी व्यवस्थापन त परेको कुरा आर्थिक वर्ष सकिन तीन महिना सकिनै लाग्दा बल्लतल्ल चालु आर्थिक वर्षको अस्थायी दरबन्दी स्वीकृत भएको अवस्था छ । यी स्वीकृति लिन पटकपटक सबै प्रक्रिया पुर्‍याएर बोर्डले निकै पापड बेल्दा समेत कष्टसँग सामान्य आवश्यक निर्णय हुन सकेको अवस्था छ । यो यथार्थलाई बेवास्ता गर्दै बौद्धिक वृत्तमा नै फेरी स्वास्थ्य बिमा बोर्डबाट सुशासन र संस्थागत विकासको प्रश्न उठान गर्नुले वास्तविकतालाई आत्मसात् गर्न नसकेको रुपमा बुझ्दा अन्यथा नहोला ।

नेपालमा दर्जनभन्दा बढी स्वास्थ्य सहायताका कार्यक्रम सङ्घीय सरकार मातहतका निकायबाट सञ्चालनमा छन् । यस्ता कार्यक्रमले गर्दा सरकारको स्रोत छरिएको तथा अझ प्रष्ट शब्दमा भन्ने हो भने दुरुपयोग नै भएको अवस्था छ । यसलाई स्वास्थ्य बिमा बोर्डसँग जोड्दा सरकारको दक्षता अभिवृद्धि हुने अनि सुशासन र वित्तीय व्यवस्थापनमा पनि मद्दत पुग्ने हुन्छ । तर हाम्रा नीतिनिर्माताहरू त्यस्ता कार्यक्रमलाई एकीकृत गर्नेतर्फ सोच्नभन्दा पनि आफैँले जन्माएका संस्थाको टिप्पणीमा बढ्ता रमाएको त हैन भन्ने प्रश्न पनि पैदा भएको छ ।

स्वास्थ्य बिमा ऐन, २०७४ को दफा ३ मा सबै सरकारी कर्मचारी, सङ्गठित क्षेत्रमा कार्यरत व्यक्ति, वैदेशिक रोजगारमा जाने व्यक्तिका परिवार आदिलाई अनिवार्य आबद्धको प्रबन्ध गरिएको छ । तर सरकारी निकायबीचको सहयोग अभावमा सार्वभौम संसद्ले बनाएको कानुनसमेत कार्यान्वयनमा आउन सकेको छैन । उपचारको चरम आवश्यकता भएका मानिस मात्र स्वास्थ्य बिमामा आबद्ध भएका छन् । यसले गर्दा उपचार लिनेको सङ्ख्या उच्च छ तर उपचार खर्च लिने निश्चित गरेर मात्र आबद्ध हुने र सकिसकेपछि छाड्ने दर पनि उच्च नै छ । कानुनको कार्यान्वयन गर्न पनि स्वास्थ्य बिमा बोर्डलाई हुनुपर्ने जति मद्दत सरकारी संयन्त्रबाट भएको अवस्था छैन । यसले कतै सरकारी संयन्त्रको मनस्थिति नै यसको सुधारका कार्यक्रमप्रति बेपरवाह त छैन भनेर प्रश्न समेत उठाउन थालिएको छ ।

सामाजिक सुरक्षामा आधारित कार्यक्रम भएकाले स्वास्थ्य बिमालाई सरकारको दिगो लगानीको आवश्यकता छ । स्वास्थ्यमा गरिने लगानी मानव पुँजी निर्माणको मुख्य लगानी हो । त्यसैले राज्यले थोरै कर तथा शुल्कबाट धेरै स्रोत जम्मा हुनसक्ने क्षेत्रहरू पहिचान गरी स्वास्थ्य बिमा कोषमा रकम जम्मा गर्ने व्यवस्था गर्नु पर्दछ । तर स्वास्थ्य बिमा कोषमा जम्मा हुने गरी कुनै करसँग यसलाई आबद्ध गरिएको छैन । कैयौँ मुलुकहरूमा स्वास्थ्य बिमालाई करसँग आबद्ध गरिएको छ । दिगो स्रोतको प्रबन्ध गर्नेतर्फ नसोच्ने तर नाफा कमाउन खोलिएको संस्थालाई जस्तो घाटामा गयो भन्नु आफैँमा विरोधाभाष छ ।

अहिले सेवा प्रदायक स्वास्थ्य संस्थालाई ठूलो रकम भुक्तानी दिन बाँकी छ । सरकार आफैँले लक्षित वर्ग तोकेर निःशुल्क उपचारका लागि बोर्डलाई लगाएका बीमितको रकम आजसम्म भुक्तानी गरेको देखिँदैन । लक्षित वर्गको प्रिमियम सरकारले तिर्छ भन्ने तर नतिर्ने गर्दै आएकाले पनि बोर्डको भुक्तानी गर्न बाँकी रकम उच्च देखिएको बाहिर चर्चा नभएको दुःखद् वास्तविकता हो ।

एकातिर बोर्डले बीमितको सङ्ख्या बढाउने, सेवा प्रवाह गुणस्तरीय सरल र सुलभ बनाउने, दाबिमा स्वच्छता कायम गरी सुशासन सुनिश्चित गर्ने जिम्मेवारी लिनुपर्दछ । अर्कोतिर राज्यले बोर्डको सङ्गठन संरचना स्वीकृत गर्ने, विज्ञ जनशक्ति भर्ना गर्न कानुन स्वीकृत गर्ने, छरिएर रहेका कार्यक्रमलाई एकीकृत गर्ने, स्वास्थ्य बिमा ऐन कार्यान्वयनमा मद्दत गर्ने र स्वास्थ्य बिमा कोषमा आउने गरी निश्चित क्षेत्रमा सेवा शुल्क तथा कर लगाउने प्रबन्ध गर्न सकेमा मात्र स्वास्थ्य बिमा बोर्डको प्रभावकारिता वृद्धि भई राज्यले नागरिकलाई गुणस्तरीय

बाँकी तीन पृष्ठमा

# प्रदूषण न्यूनीकरण गर्न सवारी साधनमा युरो-६ मापदण्ड लगाउने तयारी

काठमाडौँ, १४ जेठ (रासस)।

वन तथा वातावरणमन्त्री ऐनबहादुर शाही ठकुरीले प्रदुषण न्यूनीकरणको लागि सवारी साधनमा युरो-६ मापदण्ड लगाउने तयारी भइरहेको जानकारी दिनुभयो।

राष्ट्रियसभामा बुधबार उठेका प्रश्नको जवाफ दिँदै उहाँले सवारी साधनमा युरो-६ मापदण्ड लागू गर्ने तयारी भइरहेको बताउनुभयो। "काठमाडौँ उपत्यका वायु गुणस्तर व्यवस्थापन कार्य योजना तर्जुमा गरी कार्यान्वयन भइरहेको र हाल यसको समयसापेक्ष संशोधनको प्रक्रियामा रहेको छ, सवारी साधनबाट हुने प्रदुषण न्यूनीकरणको लागि सवारी साधनमा युरो-६ मापदण्ड लगाउने तयारी भइरहेको छ, हाल युरो-३ को मापदण्ड कार्यान्वयनमा रहेको छ", उहाँले भन्नुभयो, "वायु प्रदूषण नियन्त्रणसम्बन्धी २८ वटा मापदण्डको तर्जुमा गरी कार्यान्वयन भइरहेको र उद्योगको प्रतिष्ठान तथा आयोजनाको वातावरणीय मापदण्ड परिपालना तथा वातावरणीय अध्ययन प्रतिवेदनकको कार्यान्वयन सम्बन्धमा निरन्तर अनुगमन मूल्याङ्कन गरी आवश्यक निर्देशन दिने कार्य भइरहेको छ।"

उहाँको अनुसार यसैगरी प्रदुषण नियन्त्रणका सम्बन्धमा भएका मुख्य नीतिगत तथा कार्यक्रम व्यवस्थामध्ये राष्ट्रिय वातावरण नीति २०७६ तर्जुमा गरी कार्यान्वयन भइरहेको, वातावरण संरक्षण ऐन, २०७६ तथा वातावरण नियामावली, २०७७ तर्जुमा गरी कार्यान्वयन भइरहेको र राष्ट्रिय वायु गुणस्तर व्यवस्थापन कार्य योजना तर्जुमाको कार्य अगाडि बढाएको छ।"

मन्त्री शाहीका अनुसार देशको विभिन्न ३० स्थानमा वायु गुणस्तर मापन केन्द्र स्थापना गरी त्यसबाट प्राप्त तथ्याङ्कलाई वातावरण विभागको वेवसाइटमार्फत सरोकारवाला तथा सर्वसाधारणलाई जनकारी भइरहेको छ। वातावरण प्रदुषण, मानव स्वस्थ्य र पर्यवरणमा यसको असर र प्रदुषण न्यूनीकरणक उपायहरूको सम्बन्धमा विभिन्न सञ्चारका माध्यममार्फत जनचेतना अभिवृद्धि गर्नेलगायतका प्रवर्द्धनात्मक कार्य भइरहेको उहाँको भनाइ छ।

"समग्र जीवजन्तुको अस्तित्वका लागि पर्यावरण अनुकूल बनाउन वन तथा भूसंरक्षण विभाग, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग, वनस्पति विभाग एवं वातावरण विभागको सहकार्य र समन्वयनमा कार्यक्रम सञ्चालन भइरहेका छन्", मन्त्री शाहीले भन्नुभयो, "आर्थिक ऐनमा गरेको व्यवस्थावमोजिम नेपालभित्र बिक्री वितरण हुने पेट्रोल तथा डिजेलमा प्रति लिटर एक रूपैयाँ ५० पैसाको दरले प्रदुषण नियन्त्रण शुल्क लगाई असुल गर्ने गरिएको छ। उक्त व्यवस्था बमोजिम आव २०६५/६६ देखि २०७९/८० सम्म रु १९ अर्ब ६० करोड २९ लाख र आव २०८०/०८१ मा रु दुई अर्ब ७८ करोड ७६ लाख ४४ हजार २१७ राजस्व असुल गरी सञ्चित कोषमा दाखिला भएको उपलब्ध तथ्याङ्कले देखाएको छ।"

वन तथा वातावरण मन्त्रालय र यसअन्तर्गतको वातावरण विभागलगायतको निकायमा वार्षिक रूपमा प्राप्त हुने बजेटबाट प्रदुषण नियन्त्रण एवं अन्य वातावरण संरक्षणका क्रियाकलापमा खर्च भएको रकम प्रदुषण घटाउनमा योगदान पुगेको उहाँको भनाइ छ। प्रदुषण नियन्त्रण शुल्कवापत उठेको रकम सञ्चित कोषमा दाखिला हुने भएकाले उक्त रकम प्रदुषण नियन्त्रणलगायत अन्य क्रियाकलापमा समेत खर्च हुने गरेको देखिने मन्त्री शाहीले बताउनुभयो।

यसैगरी हालसम्म नेपालमा २९ वटा बाह्य मिचाहा वनस्पति प्रजाति अभिलेख गरिएका र तिनीहरू झार, झाडी तथा लहरा प्रजातिको सङ्ख्या, फैलावट तथा प्रकोप द्रुतगतिले बढ्दै गएको मन्त्री शाहीले बताउनुभयो।

"विश्वव्यापी रूपमा जैविक विविधता ह्रास हुनाका विभिन्न कारणमध्ये बाह्य मिचाहा प्रजातिको फैलावट दोश्रो प्रमुख कारणको रूपमा रहेको छ, बाह्य मिचाहा प्रजातिहरूलाई हातले उखेल्ने, काट्ने, यान्त्रिक उपकरणहरूको प्रयोग गरेर हटाउने, प्राकृतिक जीवहरू - कीरा, ब्याक्टेरिया, फङ्गस, वा अन्य सजीवहरूको प्रयोग गरेर जैविक विधिबाट हटाउने तथा हर्बिसाइडजस्ता रसायनहरूको प्रयोग गरेर पनि हटाउन सकिन्छ", उहाँले भन्नुभयो, "यी विधिमध्ये प्रजातिको किसिम तथा वरिपरिको वातावरण, अवस्था हेरेर कुनै पनि विधि अपनाउन सकिन्छ तर सबैभन्दा उत्तम उपाय भनेको यस्ता प्रजातिलाई नेपाल भित्रनै नदिनुनै हो।"

बाह्य मिचाहा प्रजाति व्यवस्थापन राष्ट्रिय रणनीति तथा कार्यान्वयन योजना २०८१ स्वीकृत गरी कार्यान्वयनमा ल्याइसकिएको उहाँले जानकारी दिनुभयो।

वन डढेलो नियन्त्रण सम्बन्धमा विभिन्न नीतिगत व्यवस्थाहरू रहेको भन्दै मन्त्री शाहीले वन डढेलो नियन्त्रण रणनीति, २०६७ कार्यान्वयनमा रहेको जानकारी गराउनुभएको छ। "सो रणनीतिमा व्यवस्था भएबमोजिम जनचेतना अभिवृद्धि तथा प्रविधि विकास, जनसहभागितामा आधारित अनुसन्धान, सहकार्य एवं पूर्वाधार विकास गर्दै डढेलो नियन्त्रण गर्नका लागि विभिन्न क्रियाकलाप सञ्चालन गर्दै आएको छ," उहाँले जवाफ दिनुभयो, "दिगो वन व्यवस्थापनमा आधारित वन सम्वर्द्धन गर्दै वन स्रोतको उचित उपयोग गरिनेछ साथै सामुदायिक वनको व्यवस्थापन सुदृढ गर्दै वनमा आधारित स्रोतको उपयोग गरिने योजना छ।"

वन डढेलो नियन्त्रणसम्बन्धी सरोकारवाला निकायहरूसँग वन तथा वातावरण मन्त्रालय, जिल्ला प्रशासन कार्यालय, डिभिजन वन कार्यालय, प्रदेश वन तथा वातावरण मन्त्रालय, प्रदेश वन निर्देशनालय, रेड कार्यान्वयन केन्द्र, सामुदायिक वनका सदस्यहरू, स्थानीय सरकार, सुरक्षा निकाय र बीच विभिन्न चरणमा समन्वय भइरहेको उहाँले जानकारी दिनुभयो।

"वन डढेलोसम्बन्धी सूचनालाई व्यवस्थित गरी देशभर यससम्बन्धी सूचना प्रवाहलाई सुदृढ गर्न प्रत्येक डिभिजन वन कार्यालयहरूमा डढेलो फोकल व्यक्ति तोकी निजहरूलाई वन डढेलो पहिचान तथा अनुगमन प्रणालीसम्बन्धी अभिमुखीकरण तालिम प्रदान गरिएको छ", मन्त्री शाहीले भन्नुभयो, "वन डढेलोबाट हुने जन, धन र वनको क्षति न्यूनीकरण गर्नका लागि जनचेतना जागरण गर्ने अभिप्रायका साथ देशका सबै जिल्लाहरूमा चैत १ गतेदेखि ७ गतेसम्म वन डढेलो सचेतना सप्ताह कार्यक्रम मनाउने गरिएको छ।"

वन डढेलोबाट हुनसक्ने मानवीय क्षतिलाई बिमामार्फत राहत उपलब्ध गराउने उद्देश्यले यसै आर्थिक वर्षमा समृद्धिका लागि वन कार्यक्रममार्फत बजेट व्यवस्था गरी रेड कार्यान्वयन केन्द्रबाट बिमा प्रिमियम भुक्तानीको व्यवस्था मिलाइएको उहाँले जानकारी दिनुभएको छ।

यसैगरी कानुन, न्याय तथा संसदीय मामिलामन्त्री अजयकुमार चौरासियाले प्रतिनिधिसभाबाट सन्देशसहित प्राप्त 'केही नेपाल ऐन संशोधन गर्ने विधेयक, २०८०' लाई दफावार छलफलका लागि विधायन व्यवस्थान समितिमा पठाइयोस्' भन्ने प्रस्ताव प्रस्तुत गर्नुभयो। प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको छ। सभाको अर्को बैठक बिहीबार दिउँसो १ बजेर ४५ मिनेटमा बस्नेछ।

# विश्व समाचार

## सन् २०२५-२०२९ औसत तापक्रम १.५ डिग्री सेल्सियसभन्दा माथि हुने सम्भावना ७० प्रतिशत : राष्ट्रसंघ

जेनेभा, १४ जेठ (रासस/एएफपी)।

संयुक्त राष्ट्रसङ्घले सन् २०२५ देखि सन् २०२९ सम्म औसत तापक्रम १.५ डिग्री सेल्सियसभन्दा बढी हुने सम्भावना ७० प्रतिशत रहेको चेतावनी दिएको छ।

राष्ट्रसङ्घीय मौसम र जलवायु एजेन्सी विश्व मौसम विज्ञान सङ्गठन (डब्ल्युएमओ) ले प्रकाशित गरेको वार्षिक जलवायु रिपोर्ट अनुसार सन् २०२३ र २०२४ मा रेकर्ड गरिएको दुई सबैभन्दा तातो वर्षपछि पृथ्वीको तापक्रम ऐतिहासिक स्तरमा रहने अपेक्षा गरिएको छ।

"हामीले भर्खरै रेकर्डमा १० सबैभन्दा तातो वर्षहरू अनुभव गरेका छौँ", डब्ल्युएमओका उपमहासचिव को ब्यारेटले भन्नुभयो, "दुर्भाग्यवश, यो डब्ल्युएमओ रिपोर्टले आगामी वर्षहरूमा राहतको कुनै सङ्केत प्रदान गर्दैन र यसको अर्थ हाम्रो अर्थव्यवस्था, हाम्रो दैनिक जीवन, हाम्रो इकोसिस्टम र हाम्रो ग्रहमा बढ्दो नकारात्मक प्रभाव पर्नेछ।"

सन् २०१५ को पेरिस जलवायु सम्झौताले विश्वव्यापी तापक्रमलाई पूर्व-औद्योगिक स्तरभन्दा २ डिग्री सेल्सियसभन्दा कम र सम्भव भएमा १.५ डिग्री सेल्सियसभन्दा कममा सीमित गर्ने लक्ष्य राखेको थियो।

मानवताले औद्योगिक रूपमा कोइला, तेल र ग्यास जलाउन सुरु गर्नुअघि सन् १८५०-१९०० को औसतको तुलनामा लक्ष्यहरू गणना गरिएको छ। कोइला, तेल र ग्यासले कार्बन डाइअक्साइड (सिओ२) उत्सर्जन गर्दछ। हरितगृह ग्यास मुख्यतया जलवायु परिवर्तनका लागि जिम्मेवार छ।

अधिक आशावादी १.५ डिग्री सेल्सियस लक्ष्य त्यो हो जुन जलवायु वैज्ञानिकहरूको बढ्दो सङ्ख्याले अब प्राप्त गर्न असम्भव ठान्छ, किनकि सिओ२ उत्सर्जन अझै बढिरहेको छ।

डब्ल्युएमओको पछिल्लो अनुमानहरू धेरै विश्वव्यापी केन्द्रहरूबाट पूर्वानुमानको आधारमा बेलायतको मौसम विज्ञान कार्यालयको राष्ट्रिय मौसम विज्ञान सेवाले सङ्कलन गरेको छ।

एजेन्सीले सन् २०२५ र २०२९ को बीचमा प्रत्येक वर्षका लागि विश्वव्यापी औसत सतहको तापक्रम पूर्व-औद्योगिक औसतभन्दा १.२ डिग्री सेल्सियस र १.९ डिग्री सेल्सियसको बीचमा हुने पूर्वानुमान गरेको छ।

एजेन्सीले सन् २०२५-२०२९ अवधिमा औसत तापक्रम १.५ डिग्री सेल्सियसभन्दा बढी हुने सम्भावना ७० प्रतिशत रहेको बताएको छ।

"यो सन् २०२० को दशकको अन्त्य वा सन् २०३० को दशकको सुरुमा दीर्घकालीन आधारमा १.५ डिग्री सेल्सियस पार गर्ने हाम्रो निकटतासँग पूर्ण रूपमा अनुरूप छ", मेनाथ विश्वविद्यालयमा आइरिश जलवायु विश्लेषण र अनुसन्धान एकाइ समूहका निर्देशक पिटर थोर्नले भन्नुभयो, "म दुईदेखि तीन वर्षमा यो सम्भावना सत प्रतिशत हुने आशा गर्दछु।"

डब्ल्युएमओका अनुसार सन् २०२५ देखि २०२९ सम्मको कम्तीमा एक वर्ष रेकर्ड गरिएको सबैभन्दा तातो वर्ष (सन् २०२४) भन्दा बढी हुने सम्भावना ८० प्रतिशत छ।

प्राकृतिक जलवायु परिवर्तनलाई सहज बनाउन धेरै विधिहरूले दीर्घकालीन तापक्रमको मूल्याङ्कन गर्ने डब्ल्युएमओका जलवायु सेवा निर्देशक क्रिस्टोफर हेविटले पत्रकार सम्मेलनमा बताउनुभयो।

## जेलेन्स्कीद्वारा ट्रम्प र पुटिनसँग त्रिपक्षीय बैठकको प्रस्ताव

किएभ, १४ जेठ (रासस/एएफपी)।

मस्कोलाई उसको तीन वर्षे आक्रमण रोक्न बाध्य पार्न खोजिरहनुभएका युक्रेनका राष्ट्रपति भोलोदिमर जेलेन्स्कीले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र रुसी राष्ट्रपति भ्लादिमिर पुटिनसँग त्रिपक्षीय शिखर सम्मेलनको आह्वान गर्नुभएको छ।

रुसी राष्ट्रपति पुटिनले यस महिनाको सुरुमा टर्कीमा जेलेन्स्कीलाई भेट्ने आह्वानलाई अस्वीकार गर्नुभयो र क्रेमलिनले दुई नेताबीच कुनै प्रकारको 'सम्झौता' भएपछि मात्र बैठक हुने बताएको छ।

यसैबीच, अमेरिकी राष्ट्रपतिले पुटिन र जेलेन्स्की दुवैले युद्ध अन्त्य गर्न सम्झौता नगरेकोमा निराशा व्यक्त गर्नुभएको छ।

"यदि पुटिन द्विपक्षीय बैठकमा सहज हुनुहुन्न भने वा यदि सबैले यसलाई त्रिपक्षीय बैठक बनाउन चाहन्छन् भने मलाई कुनै आपत्ति छैन। म कुनै पनि ढाँचाका लागि तयार छु", जेलेन्स्कीले बुधबार प्रकाशित पत्रकारहरूलाई दिएको टिप्पणीमा भन्नुभयो।

उहाँले 'ट्रम्प-पुटिन-म' बैठकको लागि 'तयार' भएको बताउनुभयो र वासिङ्टनलाई मस्कोको बैंकिङ र ऊर्जा क्षेत्रमा कडा प्रतिबन्धहरूको प्याकेज लगाउन आग्रह गर्नुभयो।

"हामी संयुक्त राज्य अमेरिकाबाट प्रतिबन्धहरूको प्रतीक्षा गरिरहेका छौँ", जेलेन्स्कीले भन्नुभयो, "यदि रुसले रोकेन भने, प्रतिबन्धहरू लगाइनेछ भनेर ट्रम्पले पुष्टि गर्नुभयो। हामीले उहाँसँग दुई मुख्य पक्षहरू छलफल गर्यौं -- ऊर्जा र बैंकिङ प्रणाली। के अमेरिकाले यी दुई क्षेत्रमा प्रतिबन्धहरू लगाउन सक्षम हुनेछ? म त्यो धेरै चाहन्छु।"

रुसले तत्काल युद्धविरामका लागि गरिएको समन्वित पश्चिमी अपिललाई अस्वीकार गरेपछि मस्कोमाथि नयाँ प्रतिबन्धको घोषणा नगरेकोमा जेलेन्स्कीले यसअघि वासिङ्टनप्रति निराशा व्यक्त गर्नुभएको थियो। जेलेन्स्कीले बोलेको केही घण्टापछि युक्रेनले रुसमाथि आफ्नो अहिलेसम्मको सबैभन्दा ठूलो ड्रोन आक्रमण सुरु गर्‍यो। मस्कोको रक्षा मन्त्रालयका अनुसार देशमा झन्डै तीन सय ड्रोन प्रहार भयो।

रुसी अधिकारीहरूले आक्रमणबाट थोरै मात्र क्षति भएको बताएका छन्। युद्धक्षेत्रमारुसले उत्तरपूर्वी सुमी सीमा क्षेत्रको वरिपरको अग्रपङ्क्तिमा ५० हजारभन्दा बढी सेना 'जम्मा गरिरहेको' बताउनुभयो। त्यहाँ मस्कोको सेनाले युक्रेनी भूभागभित्र पुटिनले 'बफर जोन' भनेको स्थापना गर्न खोज्दै धेरै बस्तीहरू कब्जा गरेको छ।

जेलेन्स्कीले युक्रेनले शान्ति सम्झौताको मागमा रुसबाट प्रतिज्ञा गरिएको 'ज्ञापनपत्र' अझै प्राप्त नगरेको पनि बताउनुभयो।

## साउनयता प्राकृतिक कारणले २८ गैँडा मरे

चितवन, १४ जेठ (रासस)।

गत साउनयता प्राकृतिक कारणले चितवन राष्ट्रिय निकुञ्ज, मध्यवती सामुदायिक वन र डिभिजन वन कार्यालय अन्तर्गतका वन क्षेत्रमा २८ वटा गैँडा मरेका छन्।

निकुञ्ज र मध्यवती क्षेत्रमा २७ वटा र राष्ट्रिय वन क्षेत्रमा एउटा गैँडा मरेको हो। निकुञ्जका सूचना अधिकारी अविनाश थापामगरका अनुसार यो अवधिमा चोरी सिकारीले गैँडा मार्न पाएका छैनन्। गत साउन, भदौ र असोजमा दुईदुईदुईवटा गैँडा मरेका थिए। कात्तिकमा चार, मङ्सिरमा दुई, पुसमा एक, माघमा तीन, फागुन र चैतमा चारचार र वैशाखमा तीन वटा गैँडा मरेका हुन्। यही जेठमा राष्ट्रिय वन क्षेत्रमा एउटा गैँडा मरेको हो।

: सूचना अधिकारी थापा मगरका अनुसार बाघ तथा गोहीको आक्रमणमा परेर, एक-आपसमा जुधेर, बिरामी भएर, दलदलमा फसेर, बुढो भएर, भाले गैँडाले थिचेर ती गैँडा मरेका हुन्। गत आर्थिक वर्षमा २१ वटा गैँडा मरेका थिए। मरेका गैँडामध्ये १८ वटा प्राकृतिक कारणले थिए भने दुई वटा चोरी सिकारीले र एउटाको कारण खुलन सकेको थिएन।

मगरका अनुसार आर्थिक वर्ष २०७९/८० मा चितवन राष्ट्रिय निकुञ्जमा २२ वटा गैँडा मरेका थिए। जसमध्ये २० वटा कालगतीले, एउटा विद्युतीय करेन्टबाट र एउटा चोरी सिकारीले मारेका थिए। विसं २०८० कात्तिक ३० गतेयता चोरी सिकारीले गैँडा

*बाँकी अन्तिम पृष्ठमा*

## *स्वास्थ्य बिमा...*

स्वास्थ्य सेवा प्रदान गर्न सक्छ।

समस्याको दीर्घकालीन समाधानका लागि कुनै मद्दत नगरिकन सरकारबाट काम भएन मात्र भन्ने हो भने यसको सुधार सम्भव छैन। अब एक अर्कालाई दोषारोपण गरेर दिन बिताएर नागरिकमा थप निराशा थप्ने की विगतका कमी कमजोरी सुधार गरेर यसलाई ठीक बाटोमा हिँडाउने हो यसमा राज्य प्रष्ट हुनु आवश्यक छ।

विगतदेखि स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले व्यवस्थित गर्दै लैजान सिर्जनशील प्रयास गरेको भए स्वास्थ्य बिमा बोर्ड संस्थागत भई स्वास्थ्य बिमा सफल कार्यक्रमको रुपमा दर्ज भएको हुने थियो। तर ढिलै भए पनि त्यो अवसर अहिले प्राप्त भएको छ। मन्त्रीदेखि प्रधानमन्त्रीसम्मको चासो र चिन्ता भएकाले स्वास्थ्य बिमा कार्यक्रमका समस्या सम्बोधन हुनेमा आशाका किरणहरू देखिएका छन्। हामीले पहिचान गरिसकेका मार्गको छनोट अनि कार्यान्वयनमा जोडिएका तथा जोडिन सक्ने चासो राखेका तथा चासो नराखेका सबै पक्ष साँच्चिकै इमान्दार अनि सकारात्मक भएर एकजुट बन्ने हो भने एक वर्षभित्रै अहिलेका तुलनामा आम नागरिकले चाहे र खोजेजस्तै गरी स्वास्थ्य बिमा कार्यक्रम सही बाटोमा हिँडेको सुखद् अवस्था कल्पना नभई हामी सबैमाझ वास्तविकता बन्ने सम्भावना टाढा छैन। (लेखक स्वास्थ्य बिमा बोर्डका कार्यकारी निर्देशक हुनुहुन्छ)

# गणतन्त्र स्थापनापछी मुलुकका सम्पूर्ण नागरिकहरु अधिकार सम्पन्न भएका छन् : मधेश प्रदेशका संचारमन्त्री लेखी



**दैनिक समाचारदाता**
**राजविराज, १४ जेठ ।**

मधेश प्रदेश सरकारको गृह, सञ्चार तथा कानून मन्त्रालयले तीन दिवसीय कार्यक्रमसहित गणतन्त्र दिवस मनाउँदै छ।

गणतन्त्र दिवसको अवसरमा पहिलो दिन बुधवार मधेश भवन र प्रदेश मातहतका मन्त्रालयहरुमा सरसफाई गरिएको छ। सोही दिन रक्तदान कार्यक्रम समेतको आयोजना गरिएको छ।

सो अवसरमा प्रदेशका गृह, सञ्चार तथा कानून मन्त्री राजकुमार लेखीले गणतन्त्र स्थापनापछी मुलुकका सम्पूर्ण नागरिकहरु अधिकारसम्पन्न भएको बताउँदै पाएका उपलब्धी तथा अधिकारलाई संस्थागत गर्नका निम्ति दिवस मनाइने गरिएको बताए।

सो अवसरमा प्रदेश सरकार प्रवक्ता समेत रहेका मन्त्री लेखीले गणतन्त्र स्थापनापछी संचारकर्मी, राजनीतिकर्मी, सुरक्षाकर्मी, विद्यार्थी, कर्मचारी, युवा लगायत सम्पूर्ण नागरिक अधिकार सम्पन्न भएको उल्लेख छ। उनले भने, "मधेश प्रदेशका सुरक्षाकर्मीहरु सीमित श्रोत साधानका बाबजुद पनि अनुशाषित रहेर काम गरिरहेका छन्, मुलुकको सात वटै प्रदेश मध्ये मधेश प्रदेश नमूना प्रदेशको रुपमा विकसित गर्नका लागि सबैको सहयोग अपिहार्य रहेको छ।"

उनले गणतन्त्र दिवसको अवसरमा मधेश प्रदेशका प्रेस स्वतन्त्रता सेनानीहरुलाई नगद राशीसहित दोसल्ला ओढाएर सम्मान गर्ने कार्यक्रम रहेको जानकारी समेत दिएका छन्।

प्रदेश सरकारका प्रवक्ता समेत रहेका संचार मन्त्री लेखीले भने, "गणतन्त्र स्थापनाका लागि संचारकर्मीहरुको योगदानको कदर गर्दै प्रदेश सरकारले सम्मान गर्न लागेको हो। उनले थपे, "म पनि पत्रकारिता क्षेत्रबाट आएको व्यक्ति हुँ, पत्रकारहरुको पीडा, दुःख र कष्ट बुझेको छु, उनीहरुको दुःख, कष्टमा थोरै भएपनि सहयोग गर्नेतर्फ लागिपरेको छु।" उनले भने- पत्रकारिता क्षेत्रको बृद्धि, विकासका लागि म कटिबद्ध छु।"

तीन दिवसीय कार्यक्रम अन्तरगत दोश्रो दिन १५ गते "गणतन्त्रको उपलब्धी र चुनौती" सम्बन्धी विचार गोष्ठी, प्रेस स्वतन्त्रता सेनानीहरुलाई नगद राशीसहित दोसल्ला ओढाएर सम्मान तथा जेठ १६ गते जनकपुरस्थित मानव सेवा आश्रममा आश्रित व्यक्तिहरुलाई दिवा भोजन खुवाउने कार्यक्रम रहेको जानकारी दिए।

वि.स. २०६५ साल जेष्ठ १५ गते संविधानसभाको पहिलो ऐतिहासिक बैठकले एक शताब्दी लामो राजतन्त्रको अन्त्य गरी नेपाललाई संघीय गणतान्त्रिक मुलुक घोषणा गरिएको थियो। जनआन्दोलन २०६२/६३ को जगमा गणतन्त्र घोषणा भएको ऐतिहासिक दिनको स्मरण गर्दै हरेक वर्ष जेठ १५ गते देशभर विभिन्न कार्यक्रम गरी यो मनाइने गरिन्छ।

# मधेस प्रदेशसभाको पाँचौं अधिवेशन यही जेठ २१ देखि

**दैनिक समाचारदाता**
**जनकपुर, १४ जेठ ।**

मधेस प्रदेशसभाको पाँचौं अधिवेशन यही जेठ २१ गतेदेखि हुने भएको छ। प्रदेश प्रमुखको कार्यालयका प्रवक्ता शत्रुधन यादवले बुधवार प्रेस विज्ञप्ति जारी गर्दै प्रदेश प्रमुखबाट जेठ ११ गते बसेको प्रदेश सरकारको बैठकको निर्णय अनुसार प्रदेशसभाको अधिवेशन आह्वान गरिएको जानकारी दिएका हुन्।

नेपालको संविधानको धारा १८३ को उपधारा (१) अनुसार अधिवेशन आह्वान गरिएको प्रेस विज्ञप्तिमा उल्लेख छ। "प्रदेश प्रमुखबाट प्रदेश सरकार (मन्त्रिपरिषद्) को जेठ ११ गतेको बैठकबाट प्रदेशसभाको पाँचौं अधिवेशन आह्वान गर्ने निर्णयानुसार सिफारिस भई आए बमोजिम नेपालको संविधानको धारा १८३ को उपधारा (१) बमोजिम विसं जेठ २१ गते बुधवार दिउँसो १ बजेदेखि लागू हुने गरी मधेस प्रदेशसभाको पाँचौं अधिवेशन आह्वान गरिएको व्यहोरा जानकारीका लागि अनुरोध छ", विज्ञप्तिमा भनिएको छ।

### साउनयता प्राकृतिक ...

मार्न पाएका छैनन्। विसं २०८० कात्तिक ३० गते निकुञ्जकै पूर्वी सेक्टर अन्तर्गत चपरचुली क्षेत्रमा खाल्डोमा पारेर तस्करहरुले दुई वटा गैंडा मारेका थिए। त्यस घटनामा संलग्न रहेको आरोपमा नौ जनालाई पक्राउ गरी निकुञ्जले सार्वजनिक गरेको थियो।

सन् २०२१ को गणना अनुसार नेपालमा गैंडाको संख्या ७५२ पुगेको छ। एकसिङ्गे गैंडाको सङ्ख्या सबैभन्दा बढी चितवन राष्ट्रिय निकुञ्जमा ६९४ रहेको छ। बर्दियामा ३८, शुक्लाफाँटामा १८ र पर्सामा तीन गैंडा रहेको तथ्याङ्क छ। यसवर्ष गैंडा गणना गर्ने कार्यक्रम रहेपनि अन्तिम समयमा बजेट व्यवस्थापनमा समस्या भएपछि स्थगन भएको थियो।

### गणतन्त्र दिवसमा ...

निर्माणका मौलिक हकको प्रत्याभूत गर्नुपर्ने बताउनुभयो।

"संविधानको १६ देखि ४७ धारासम्म मौलिक हकको व्यवस्था गरेको छ। तर ती मौलिक हकको कार्यान्वयनको अवस्था कस्तो रहेको छ ? भन्ने विषयमा छलफल गर्न आवश्यक रहेको छ", कोइरालाले भन्नुभयो, "ती मौलिक हकको कार्यान्वयनका लागि बनेका विभिन्न ऐनहरू छन्। तर ती ऐनहरूको प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्छ। मौलिक हक कार्यान्वयनका लागि बनेका यी ऐन र नियमवालीको विषयमा अध्यायन गर्न आवश्यक छ।"

# अपाङ्गतासम्बन्धी ऐनको व्यवहारिक रूपमै कार्यान्वयन गर्नुपर्छ : मन्त्री सुडी

काठमाडौं, १४ जेठ (रासस)।

महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री नवलकिशोर शाह सुडीले अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी ऐन, २०७४ को व्यवहारिक रूपमै प्रभावकारी कार्यान्वयन गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको छ। कोसिस नेपालले यहाँ बुधबार आयोजना गरेको कार्यक्रममा अध्ययन-अनुसन्धानसम्बन्धी प्रतिवेदन सार्वजनिक गर्दै अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी महासन्धि, २००६ को धारा १९ सँग बाझिएका कानुन संशोधन गर्न पहल गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो।

मन्त्री सुडीले भन्नुभयो, "अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी महासन्धि, २००६ को धारा १९ सँग बाझिएका कानुन जसले अपाङ्गता भएका व्यक्तिलाई समुदायमा स्वतन्त्रतापूर्वक बस्न पाउने तथा समुदायमा समावेश हुनबाट बन्देज गरेको छ, त्यस्तो विद्यमान कानुनी व्यवस्थालाई मानव अधिकारमैत्री हुनेगरी समयसापेक्ष संशोधन गर्ने र गराउनेतर्फ कार्य गर्न प्रतिबद्धता व्यक्त गर्दछु।" अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी महासन्धि, २००६ को धारा १२ को मर्मविपरीत तर्जुमा गरी कार्यान्वयनमा ल्याएका कानुन पनि संशोधन गरी समय सान्दर्भिक बनाउने मन्त्री सुडीको भनाइ छ।

उहाँले भन्नुभएको छ, "कानुनमा अमर्यादित शब्द प्रयोग गरी त्यसलाई योग्यताको आधार बनाएर न्यून प्रतिनिधित्वमा रहेका अपाङ्गता भएका व्यक्तिको कानुनी क्षमतालाई अस्वीकार गर्दै उनीहरूलाई आर्थिक, सामाजिक तथा सार्वजनिक जीवनमा सहभागिता जनाउन बन्देज गरेको सम्पूर्ण कानुनी व्यवस्थाहरूलाई खारेज वा संशोधन गरी कानुनी क्षमताको पुनर्बहाली गर्ने कार्य गर्ने प्रतिबद्धता व्यक्त गर्दछु।" नेपालमा अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय महासन्धि र त्यसको इच्छाधिन आलेख २००६ लाई जनवरी २००८ मा हस्ताक्षर गरी सन् २००९ डिसेम्बर २७ तारिखका दिन तत्कालीन व्यवस्थापिका संसद्मार्फत अनुमोदन गरिएको थियो।

सरकारले यस महासन्धिलाई घरेलुकरण गर्दै नेपालमा अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी ऐन, २०७४ र नियमावली, २०७७ जारी गरी कार्यान्वयनमा ल्याएको छ। तर अपाङ्गता भएका व्यक्तिको ऐन र नियमावलीमा न्यून प्रतिनिधित्वमा रहेका अपाङ्गता भएका भएका व्यक्तिको अटिजम, बौद्धिक अपाङ्ता, मनोसामाजिक अपाङ्गता र श्रवणदृष्टिविहीन अपाङ्गताको सवाल छुटेको गुनासाहरू आएको मन्त्री सुडीले जानकारी दिनुभयो।

कार्यक्रममा राष्ट्रिय आदिवासी जनजाति अपाङ्ग महिला सङ्घ नेपाल र राष्ट्रिय बहिरा महासङ्घ नेपालको नेतृत्वमा नेपालका सातै प्रदेशका अपाङ्गता भएका व्यक्तिबाट आएका सुझावलाई सङ्कलन गरी तीन तहले संशोधन प्रस्ताव तयार गरी मन्त्रीसमक्ष हस्तान्तरण पनि गरेको थियो।

### गणतन्त्र दिवसमा ...

अवसरमा जेठ १५ गते विहिवार बिहान ऱ्याली तथा विचार गोष्ठी तथा जेठ १६ गते शुक्रवार शिव मन्दिर प्राङगणमा भेला भई बजार सरसफाई र दिउँसो राजविराज नगरको सभा हलमा जेष्ठ नागरिक र अपाङ्ग सम्मान तथा सोही दिन साँझ जिल्लाको सार्वजनिक स्थान सरकारी कार्यालय र जिल्लावासीले आफ्नो घरघरमा दिप प्रज्वलन गरी दिपावली मनाउने कार्यक्रम तय गरिएको जिल्ला समन्वय समितिका सभापति शिव नारायण साहले बताए।

**अतिथि गृह बहाल मार्फत सञ्चालन गर्न दररेट पेश गर्ने सम्बन्धी नेपाल पत्रकार महासंघ शाखा सप्तरीको सूचना**

**सूचना प्रकाशन मिति : २०८२/०२/११**

**नेपाल पत्रकार महासंघ शाखा सप्तरीको अतिथि गृह सञ्चालन र आम्दानी-खर्च सम्बन्धी कार्यविधि २०८१ को परिच्छेद ३ बमोजिम नेपाल पत्रकार महासंघ शाखा सप्तरीको स्वामित्वमा रहेको नव निर्मित अतिथि गृहको पहिलो र दोस्रो तल्लामा रहेको ८ वटा कोठा ५ बर्षका लागि बहालमा दिई संचालन गर्नुपर्ने भएकोले बहालमा लिन चाहने इच्छुक (नेपाली नागरिक) व्यक्ति वा फर्मले सूचना प्रकाशन/प्रसारण भएको मितिले १५ दिन भित्र बहालमा लिने प्रतिबर्षको हिसावले हुन आउने दररेट पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।**

**१. दररेट पेश गर्दा नेपाल पत्रकार महासंघ शाखा सप्तरीको अतिथि गृह सञ्चालन र आम्दानी-खर्च सम्बन्धी कार्यविधि २०८१ को परिच्छेद ३ र ४ मा व्यवस्था भए बमोजिमको परिधि भित्र रहि गर्नुपर्ने छ।**
**२. नेपाल पत्रकार महासंघ शाखा सप्तरीको अतिथि गृह सञ्चालन र आम्दानी-खर्च सम्बन्धी कार्यविधि २०८१ को परिच्छेद ३ र ४ नेपाल पत्रकार महासंघको कार्यालयबाट प्राप्त गर्न सकिनेछ।**
**३. दररेट पेश गर्दा स्वीकृत गर्ने सम्पूर्ण अधिकार नेपाल पत्रकार महासंघमा निहित रहने छ।**
**४. दररेट महासंघको कार्यालय राजविराज वा इमेल (fnjsaptari78@gmail.com) मार्फत पनि पेश गर्न सकिने छ।**
**५. दररेट स्वीकृत भएका व्यक्ति वा फर्मले कार्यविधि २०८१ को परिच्छेद ३ र ४ मा व्यवस्था भए बमोजिमको शर्तहरु पालना सहितको सम्झौता गरि अतिथि गृह बहालमा लिई सञ्चालन गर्न पाउने छन्।**

***नोट : दररेट पेश गर्नेले नेपाल पत्रकार महासंघ सप्तरीको अतिथि गृह निरिक्षण गर्न सक्नेछन्।***

**नेपाल पत्रकार महासंघ शाखा सप्तरी**

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*